# १२० औं कार्यपालिका वैठकको प्रस्तावहरु :

१. सडक बालबालिका नरहेको भनि नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरुबाट सिफारिस भइ आएकोले सडक बालबालिका मुक्त स्थानीय तह घोषणा गर्ने सम्बन्धमा,

२. नगरपालिका वडा नं ८ र ११ बाट बालश्रम मुक्त वडा घोषणाका लागि सम्पूर्ण प्रक्रिया पुरा गरी सिफारिस भई आएको हुँदा बालश्रम मुक्त वडा घोषणा गर्ने सम्बन्धमा,

३. आयोजनाको म्याद थप सम्बन्धमा,

- फोहोर मैला जाने पहुच मार्ग निर्माण (NCB No: 05/PM/NCB/WORKS/081/82)
- टापु सिंचाई योजना (दोश्रो चरण) (NCB No: 09/PM/NCB/WORKS/081/82)
- सिद्धार्थ राजमार्ग सँग जोडिएको जी.पी मार्ग अन्तर्गत सुम्रेखोला पुलको मुख लामपाटा तोरिखोला रिङ्दी पुल बेशी बाँसबारी बोडेखोला काउले हुँदै पर्वत जिल्ला सडक स्तरोन्नती (NCB No: 03/PM/NCB/WORKS/081/82)

४. शिक्षा चोक बहाकोट काल्खु सडक खण्ड स्तरोन्नतिका लागि छिपेहट्टियामा अस्थाई रुपमा स्थापना गरिएको क्रसर उद्योग भाडामा लिई संचालन गर्ने सम्बन्धमा,

५. नगर सभामा सम्मान गर्ने कर्मचारी लगायत अन्य व्यक्तित्वलाई पुरस्कृत गर्ने सम्बन्धमा,

६. बहाकोट स्वास्थ्य चौकी निर्माणको लागि संघीय सरकारसंग बजेट माग भएकोमा संघीय सशर्त अनुदान अन्तर्गत सातुपसल स्वास्थ्य चौकी भवन निर्माणको लागि रु ४९ लाख विनियोजन भई आएकोमा उक्त विनियोजित रकम बहाकोट स्वास्थ्य चौकी भवन निर्माण गर्ने गरी कार्यक्रम संसोधन गर्न नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने र सातुपसल स्वास्थ्य चौकीको मर्मत सम्भार नगरपालिकाबाट गर्ने सम्बन्धमा,

७. शिक्षा चोक काल्खु Design and Supervision Consultant को आइटम भेरिएसन सम्बन्धमा,


८. पुतलीबजार नगरपालिका वडा नं ६ को सिफारिस तथा ६ नं निवासी पुष्पा गुरुङको निवेदन सम्बन्धमा,

९. गण्डकी प्रदेश फुटबल संघको सिफारिस अनुसार स्याङ्जा युथ क्लबलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

१०. स्याङ्जा स्रष्टा सदनबाट पेश भए बमोजिमको रकम भुक्तानी गर्ने सम्बन्धमा,

११. "Detail Engineering Survey, Design and Report Preparation (DPR) of Mayatari-Pokharichaur-Belbass Road and Lamichhane Mode-Ghimrigaun-Pelkachaur Road of Putalibazar Municipality" सम्बन्धमा,

१२. पूर्वाधार शाखाको संगठन स्वरूप संसोधन गर्ने सम्बन्धमा ।



१३. शितला आमा समुह पुतलीबजार नगरपालिका -५ बाट दलित विपन्न महिलाहरुको आय आर्जन वृद्धि गराउने उद्देश्यका साथ् ५० प्रतिशत अनुदानमा बाख्रा वितरण कार्यक्रम संचालन गर्न प्रस्तावना सहित अनुरोध भई आएकोमा १६ औं नगरसभामा उक्त कार्यक्रम SUTRA प्रणालीमा इन्ट्री गर्न छुट हुन गएको सम्बन्धमा ।

१४. ढुङ्गा गिट्टी बालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ को उपदफा ६ मा गाउँपालिका वा नगरपालिका आफैले संचालन गर्ने आयोजनाका लागि आवश्यक पर्ने साधरण निर्माणमुखी नदिजन्य पदार्थको हकमा सम्बन्धीत सभाको स्वीकृतिमा विक्री मुल्य वा शुल्क नलाग्ने व्यवस्था मिलाउन सक्नेछ भन्ने सम्बन्धमा ।

१५. प्रगतिनगर बहाकोट नाम्चे काल्खु सडक खण्डको ७+६०० देखि १३+१३० सम्म सडकको सम्क्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा,

१६. विविध

२०८२ असार १८ गते बुधबार

## १२० औं कार्यपालिका बैठकका निर्णयहरु:

**निर्णय नं १ :**

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषदको मिति २०८२/०१/२८ चलानी नम्बर १७३० को पत्र र सो संग संलग्न मिति २०८२/०१/१७ गते गोर्खापत्र दैनिकमा प्रकाशित प्रत्येक वडा, स्थानीय तह र प्रदेशलाई सडक बालबालिका मुक्त बनाउने तथा घोषणा गर्ने सम्बन्धी सूचना र सडकमा बस्ने बालबालिका विशेष संरक्षण एकीकृत कार्यविधि २०८२ को दफा २७ मा उल्लेख भए बमोजिम यस नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरुमा सडक बालबालिका नरहेको भनि सम्बन्धित वडा कार्यालयबाट किटान भई आएकोले सडक बालबालिका मुक्त पालिका घोषणाको प्रस्ताव आगामी नगर सभामा पेश गरी सडक बालबालिका मुक्त नगरपालिका घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं २ :**

नेपाल सरकारले निर्माण गरेको बालश्रम मुक्त वडा घोषणा कार्यविधि, २०७७ मा भएको व्यवस्था बमोजिम बालश्रम मुक्त वडा घोषणा गर्न वडा नं ८ र ११ ले प्रक्रिया पुरा गरी नगरपालिकामा पेश गरेको हुँदा आगामी नगर सभामा वडा नं ८ र ११ लाई बालश्रम मुक्त वडा घोषणाको प्रस्ताव आगामी नगर सभामा पेश गरी उक्त वडाहरुलाई बाल श्रम मुक्त वडा घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ :**

चालु आर्थिक वर्षमा कार्यान्वयनमा रहेका देहाय बमोजिमका आयोजनाहरुको प्रि-मनसुन लगायतका कारण समयमा सम्पन्न गर्न नसकिएको हुँदा आगामी आर्थिक वर्ष २०८२/८३ को असोज मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

- स्याङ्जा जिल्ला पुतलीबजार न.पा. वडा नं.१३ अन्तर्गत सिद्धार्थ राजमार्ग सँग जोडिएको जि.पी मार्ग अन्तर्गत सुम्रेखोला पुलको मुख लामपाटा तोरिखोला रिङ्दी पुल वेशी बाँसबारी बोडेखोला काउले हुँदै पर्वत जिल्ला जोड्ने सडक स्तरोन्नति, NCB No: 03/PM/NCB/WORKS/081/082
- Construction of Taapu Irrigation Project (second phase),NCB No: 09/PM/NCB/WORKS/081/82
- Fohor maila kendra jane pahuch marga nirman, NCB No.: 05/PM/NCB/WORKS/081/82

**निर्णय नं ४ :**

नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ मा संचालन गरेको शिक्षा चोक बहाकोट काल्खु सडक निर्माणका लागि छिपेहट्टियामा स्थापना भएको अस्थाई क्रसर प्लान्ट उक्त योजनाको डी एल पी

............
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

............
तुलसीराम रेग्मी
नगर प्रमुख

समयावधि मिति २०८३/०३/२४ सम्म राख्न पर्ने भएको हुँदा उक्त क्रसर प्लान्ट नगरपालिकाले भाडामा लिई नगरपालिकाको प्रत्यक्ष निगरानीमा संचालन गर्दा नगरपालिका भित्र संचालन हुने आयोजनाहरुमा प्रयोग हुने निर्माणजन्य सामग्रीको गुणस्तर कायम गर्न मद्दत पुग्ने हुँदा सो व्यवस्था मिलाउन सम्बन्धित निकायहरुमा आवश्यक समन्वय गर्ने प्रस्ताव सहित नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ :**

नगरपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत देहाय बमोजिमका कर्मचारी तथा विभिन्न पेशा तथा व्यवसायमा आवद्ध कर्मचारी तथा व्यक्तिहरुलाई आगामी नगर सभामा सम्मान गर्ने निर्णय गरियो ।

देहाय :

| क्र.स | नाम थर | पद | पेशागत क्षेत्रा |
|---|---|---|---|
| १ | श्री भोलानाथ रेग्मी | ड्रागनफ्रुट, पु.ब.न.पा-५ | कृषक |
| २ | श्री इन्द्र थापा | महिला उद्यमी | उद्यमी महिला |
| ३ | श्री ओम बहादुर बि.क. | श्रमिक / निर्माणकर्मी | निर्माणकर्मी /श्रमिक |
| ४ | श्री कमलापति रेग्मी | हरिहर भजन समुह, पुतलीबजार ५/७ | कलाकार |
| ५ | श्री पबी कुमाल | पुतलीबजार – ०३ | करदाता |
| ६ | श्री नरकाजी गुरुङ | अध्यक्ष संखपुर सामुदायिक भवन निर्माण | उपभोक्ता समिति |
| ७ | श्री टिका कुमारी सार्की | फोहोर मैला बर्गीकरण कर्ता पुतलीबजार -०२ | कर्मचारी |
| ८ | श्री लालु माया अधिकारी | कार्यालय सहयोगी, पुतलीबजार नगरपालिका | कर्मचारी |
| ९ | श्री हरिकेदार श्रेष्ठ | कार्यालय सहयोगी, पुतलीबजार नगरपालिका | कर्मचारी |
| १० | श्री निर्मला अर्याल | सहायक कम्प्युटर अपरेटर, पुतलीबजार – ११ | कर्मचारी |
| ११ | श्री मित्र प्रसाद अर्याल | अ.हे.व, पुतलीबजार नगरपालिका | कर्मचारी |
| १२ | श्री मोनिका गुरुङ | सहायक स्तर पाचौं, पुतलीबजार नगरपालिका | कर्मचारी |
| १३ | श्री डोलराज ढकाल | अधिकृत छैटौं, पुतलीबजार नगरपालिका | कर्मचारी |
| १४ | श्री सुदिप बराल | ईन्जिनियर, पुतलीबजार नगरपालिका | कर्मचारी |
| १५ | श्री मुक्ति प्रसाद रेग्मी | निवर्तमान प्र.अ, त्रिभुवन आदर्श मा वि | शिक्षक |
| १६ | श्री हरि प्रसाद कोइराला | प्र.अ, दियालो आ. वि | शिक्षक |
| १७ | श्री पवन मरासिनी | पुतलीबजार – ०३ | युवा पत्रकार |

**निर्णय नं ६ :**

बहाकोट स्वास्थ्य चौकी निर्माणको लागि संघीय सरकारसंग बजेट माग भएकोमा संघीय सशर्त अनुदान अन्तर्गत सातुपसल स्वास्थ्य चौकी भवन निर्माणको लागि रु ३९ लाख विनियोजन भई आएकोमा उक्त विनियोजित रकम बहाकोट स्वास्थ्य चौकी भवन निर्माण गर्ने गरी कार्यक्रम संसोधन गर्न नेपाल सरकार

धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसीराम रेग्मी
नगर प्रमुख

२०८२ असार १८ गते बुधबार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने र सातुपसल स्वास्थ्य चौकीको मर्मत सम्भार नगरपालिकाबाट गर्ने व्यवस्था मिलाउने प्रस्ताव आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो,

**निर्णय नं ७ :**

प्रगतिनगर बहाकोट नाम्चे काल्खु सडकको डिजाइन एण्ड सुपरभिजन कन्सल्टेन्ट GEOC-DIGICON-BEAM-IMPULSE-SEEDS J/V ले मिति २०८२/०३/१६ गते पेश गरे वमोजिम पहिलो भेरिएसनबाट हुन आएको सम्झौता रकम रु. २,११,९३,७३६.९० मा थप नहुने गरी सामाजिक विकास विशेषज्ञको म्याद थप १ महिना गर्दा हुन आएको भेरिएसन स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं ८ :**

यस नगरपालिकाको वडा नं. ६ को सिफारिस तथा ६ नं. निवासी पुष्पा गुरुङको घर तथा सौचालय वर्षाका कारण उच्च जोखिममा रहेकोले घर तथा सौचालय संरक्षणका लागि वाल निर्माण गर्न रकम रु ५०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ९ :**

गण्डकी प्रदेश फुटबल संघको सिफारिसको आधारमा स्याङ्जा जिल्ला फुटवल लिगमा स्याङ्जा युथ क्लब प्रथम भएकोले सम्मान स्वरूप रु २००००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १० :**

स्याङ्गजा स्रष्टा सदनले यस नगरपालिकाको सभाहलमा मिति २०८२/०३/१२ गते बिहिवार संचालन गरेको स्याङ्गजाको लोक संस्कृति संरक्षणमा कलाकारको भूमिका विषयक अन्तरक्रिया तथा प्रशिक्षण कार्यका लागि रु १ लाख विनियोजन भएकोमा उक्त कार्यक्रम संचालन गर्दा नपुग भएको रकम रु ६२१४९ /- समेत थप गरी पेश भए अनुसार बिल भरपाई समेतका आधारमा जम्मा रु १६२१४९ भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ११ :**

यस नगरपालिका र डेलकन इन्टरनेशनल प्रा.लि वीच मिति २०८२/०२/१८ मा सम्झौता भई अगाडी बढेको "मायाटारी पोखरीचौर बेलबास सडक तथा लामिछानेमोड घिम्रिगाउँ पेल्काचौर सडक"को डी.पि.आर प्रतिवेदन सम्बन्धित परामर्शदाताबाट नगरपालिकामा पेश भएको हुँदा सो डी.पि.आर प्रतिवेदन स्वीकृत गरी भुक्तानी गर्ने निर्णय गरियो।


**निर्णय नं १२ :**

यस नगरपालिका अन्तर्गत रहेको पूर्वाधार विकास शाखाको संगठन स्वरूप देहाय बमोजिम संसोधन गरी स्वीकृतिको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

............................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

............................
तुलसीराम रेग्मी
नगर प्रमुख

२०८२ असार १८ गते बुधबार




निर्णय नं १३ :

शितलादेवी आमा समुह पुतलीबजार नगरपालिका -५ बाट दलित विपन्न महिलाहरुको आय आर्जन वृद्धि गराउने उद्देश्यका साथ् ५० प्रतिशत अनुदानमा बाख्रा वितरण कार्यक्रम संचालन गर्न प्रस्तावना सहित अनुरोध भई आएकोमा १६ औं नगरसभामा उक्त कार्यक्रम SUTRA प्रणालीमा इन्ट्री गर्न छुट हुन गएकोले उक्त आमा समुहले कार्यक्रम सम्पन्न गरी भुक्तानीको लागि फाइल पेश गरेको हुँदा पेश भए अनुसारको रकम रु. १०००००/- संस्थागत सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १४ :

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ को उपदफा ६ मा भएको व्यवस्था बमोजिम नगरपालिका आफैले संचालन गर्ने आयोजनाहरुमा आगामी आर्थिक वर्ष २०८२/८३ का लागि गण्डकी प्रदेश सरकारले तोकेको शुल्कमा नघट्ने गरी माग भै आए बमोजिमको ढुङ्गा, गिट्टी, बालुवा उपलब्ध गराउने सम्बन्धी प्रस्ताव आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ :

यस नगरपालिका र नेपाल इन्भाईरोमेन्टल रिसोर्स अर्गनाइजेसन बिच मिति २०८२/०२/२७ गते प्रगतिनगर बहाकोट नाम्चे काल्खु सडक खण्डको ७+६०० देखि १३+१३० सम्म सडकको सम्क्षिप्त वातावरणीय अध्ययनका लागि सम्झौता भएकोमा सम्बन्धित परामर्शदाताले पेश गरेको प्रतिवेदन स्वीकृत गरी भुक्तानी दिने निर्णय गरियो ।

विविध :

१. शीतला युवा क्लब, पुतलीबजार-५ बाट प्राप्त निवेदन अनुसार , उक्त क्लबलाई लामा अमृत फाउन्डेसन, पोखराद्वारा आयोजित पुरुष भलिबल प्रतियोगितामा सहभागिता जनाउनका लागि रु. २०,०००/- (अक्षरेपी बीस हजार रुपैयाँ मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

२. सघन शहरी विकास तथा भवन निर्माण आयोजना, कास्कीद्वारा यस नगरपालिकाको वडा नं. २, चिरुवामा निर्माण सम्पन्न गरी नगरपालिकालाई हस्तान्तरण भएको स्वास्थ्य चौकी भवनबाट आगामी मिति २०८२ साल भाद्र १ गतेदेखि नियमित रुपमा स्वास्थ्य सेवा सूचारु गर्ने निर्णय गरियो।

.......................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

.......................
तुलसीराम रेग्मी
नगर प्रमुख

३. यस नगरपालिकाको वडा नं. ५, पौवेगौडेमा हाल अस्थायी रूपमा सञ्चालित प्रहरी चौकीलाई स्थायी प्रहरी चौकीका रूपमा स्थापना गर्न नेपाल सरकारका सम्बन्धित निकायमा आवश्यक पहल गर्ने निर्णय गरियो ।

४. पुतलीबजार नगरपालिका नगर सभाको १७ औं अधिवेशनको दोश्रो बैठक आगामी मिति २०८२ साल असार २१ गते शनिबारका दिन बिहान ११:०० बजेका लागि आह्वान गर्ने निर्णय गरियो।

........................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

........................
तुलसीराम रेग्मी
नगर प्रमुख